# गौरीगङ्गा राजपत्र

गौरीगङ्गा नगरपालिकाद्वारा प्रकाशित

खण्ड ७ चौमाला, कैलाली जेठ २४ गते , बुधबार २०८० साल, (संख्या ६)

## शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०८०

**प्रस्तावनाः** यस गौरीगङ्गा नगरपालिका भित्रका सामुदायिक विद्यालयहरूमा विद्यमान रहेको शिक्षक र विद्यार्थी सङ्ख्याको अनुपात बमोजिम शिक्षक दरबन्दी मिलान गरी विद्यालयहरूको पठनपाठनलाई प्रभावकारी तथा व्यवस्थित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(ज), गौरीगङ्गा शिक्षा ऐन, २०७६ को दफा ४६(च) र गौरीगङ्गा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ को दफा ४(१) ले दिएको अधिकार बमोजिम गौरीगङ्गा नगरपालिकाको कार्यपालिकाले यो शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि स्वीकृत गरी लागू गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम "शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०८०" रहेको छ।

(ख) यो कार्यविधि गौरीगङ्गा नगरपालिकाको कार्यपालिकाले स्वीकृत गरी राजपत्रमा प्रकाशित भएको मितिबाट गौरीगङ्गा नगरपालिका कैलाली भर लागू हुने छ।

२. **परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

(क) "अभिभावक" भन्नाले विद्यालयमा आफ्ना बालबालिका भर्ना गराई नियमित रुपमा अध्ययन गर्ने कार्यमा सहभागी गराएका तथा शिक्षा नियमावली अनुसार तिनको पालनपोषण गर्ने व्यक्तिलाई सम्झनुपर्छ।

(ख) "आधारभूत तह" भन्नाले विद्यालयको प्रारम्भिक बालविकास शिक्षा देखि कक्षा ८ सम्मको शैक्षिक संरचनालाई सम्झनु पर्छ।

(ग) "ऐन" भन्नाले गौरीगङ्गा शिक्षा ऐन,२०७६ लाई सम्झनुपर्छ।

(घ) "कर्मचारी" भन्नाले शिक्षा विकास तथा समन्वय एकाई वा नगरपालिकाबाट प्राप्त अनुदान वा विद्यालयले आफ्नो आवश्यकता अनुसार दरबन्दी सिर्जना गरी विद्यालयमा कार्यरत अधिकृत ,लेखापाल, कार्यालय सहायक, कार्यालय सहयोगी, सवारी चालक, लाइब्रेरियन, सुरक्षा गार्डर स्वीपर (सरसफाईकर्मी) लाई सम्झनुपर्छ।

(ङ) "कार्यपालिका" भन्नाले गौरीगङ्गा नगरपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ।

(च) "कार्यविधि" भन्नाले गौरीगङ्गा नगरपालिका कैलालीको शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि,२०८० सम्झनु पर्छ।

(छ) "दरबन्दी मिलान" भन्नाले सामुदायिक विद्यालयमा नेपाल सरकारबाट प्राप्त भएको स्वीकृत दरबन्दीमा कार्यरत स्थायी, अस्थायी, राहत, करार, शिक्षण सहयोग अनुदान कोटामा कार्यरत शिक्षक तथा नगरपालिकाको अनुदानबाट पारिश्रमिक पाउने गरि कार्यरत शिक्षक मिलान सम्झनुपर्छ।

(ज) "नगरपालिका" भन्नाले गौरीगङ्गा नगरपालिका, कैलालीलाई सम्झनुपर्छ।

(झ) "नगरशिक्षा समिति" भन्नाले गौरीगङ्गा नगरपालिकाको नगर शिक्षा समितिलाई सम्झनुपर्छ।

(ञ) "प्रधानाध्यापक" भन्नाले सामुदायिक विद्यालयको प्रधानाध्यापक वा प्रधानाध्यापकको कामकाज गर्न जिम्मेवारी दिएको शिक्षकलाई सम्झनुपर्छ।

(ट) "नि.प्रधानाध्यापक" भन्नाले सामुदायिक विद्यालयको प्रधानाध्यापकको पद रिक्त रहेको वा प्रधानाध्यापकको अनुपस्थितिमा नियमानुसार कामकाज गर्न जिम्मेवारी दिएको शिक्षकलाई सम्झनु पर्छ।

(ठ) "बालविकास" भन्नाले सम्बन्धित निकायबाट अनुमति र कोटा प्राप्त गरी ३ देखि ४ वर्ष उमेर समूहका बालबालिकाहरूको शिक्षा र विकासका लागि सञ्चालन भएको कक्षा सम्झनुपर्छ।

(ड) "बालविकास शिक्षक" भन्नाले बालबिकास केन्द्र वा कक्षाको राहत दरबन्दीमा नियमित अनुदान पाउनेगरी तथा नगर अनुदानमा नियमानुसार नियुक्ति लिइ कार्यरत शिक्षकलाई सम्झनुपर्छ।

(ढ) "माध्यमिक तह" भन्नाले विद्यालयको कक्षा ९ देखि कक्षा १२ सम्मको शैक्षिक संरचनालाई सम्झनु पर्छ।

गौरीगंगा राजपत्र

(ण) "व्यवस्थापन समिति" भन्नाले विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्न नियमानुसार गठन भएको विद्यालय व्यवस्थापन समितिलाई सम्झनु पर्छ।

(त) "शिक्षक" भन्नाले विद्यालयमा पठनपाठन गराउने अध्यापक सम्झनुपर्छ एवम् सो शब्दले प्रधानाध्यापक र बालविकास शिक्षक समेतलाई जनाउँछ।

(थ) "सम्बन्धित निकाय" भन्नाले नगरपालिका, शिक्षा विकास तथा समन्वय एकाई, शिक्षा विकास निर्देशनालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई सम्झनु पर्छ।

(द) "स्थानान्तरण" भन्नाले नगरपालिका भित्रका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरूलाई दरबन्दी मिलान तथा व्यवस्थापनका क्रममा कार्यरत विद्यालयबाट नगरपालिका भित्रको अन्य विद्यालयमा दरबन्दी सहित कामकाज गर्न खटाइएको सम्झनुपर्छ।

(ध) "सामुदायिक विद्यालय" भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफारहित प्रकृतिको नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालयलाई सम्झनु पर्छ।

(न) अन्य शव्द, नामावली र पदको अर्थ प्रचलित ऐन, कानुन र नियमानुसार रहेको सम्झनुपर्छ।

३. **अद्यावधिक गर्नु पर्नेः** प्रत्येक विद्यालयले अध्ययनरत कक्षागत विद्यार्थी, कार्यरत शिक्षक तथा कर्मचारीहरूको वर्गीकृत तथ्याङ्क सहितको विवरण अद्यावधिक गर्नु पर्नेछ। विवरण अद्यावधिक गर्दा चालू शैक्षिक सत्र एवम् पछिल्लो शैक्षिक सत्रको अन्तिम वार्षिक परीक्षामा सम्मिलित कक्षागत विद्यार्थी सङ्ख्या र विद्यालयमा स्वीकृत दरबन्दी तथा राहत दरबन्दी लगायत सरकारी अनुदानबाट तलब खानेगरी शिक्षक छनौट प्रक्रिया पुरा गरी नियुक्त कार्यरत स्थायी, अस्थायी र राहत शिक्षक तथा बालविकास शिक्षक एवम् कर्मचारीहरूको विवरण अद्यावधिक गरी IEMIS मा अपलोड तथा नगरपालिकालाई उपलब्ध गराउनु पर्नेछ।

४. **शिक्षकविद्यार्थी अनुपातः** सामान्यतया नगरपालिकाले बालविकास कक्षा बाहेक विद्यालयगत शिक्षक विद्यार्थी अनुपात गणना गर्दा ५०(पचास) जना विद्यार्थी बराबर एक जनाशिक्षक अर्थात् १:५० मानी गर्नु पर्नेछ।

५. **शिक्षकदरबन्दी मिलान तथा व्यवस्थापनका आधार र प्रक्रियाः**

(क) चालु शैक्षिकसत्रको IEMIS/Flash I, विद्यार्थी भर्ना अभिलेख र विद्यालयको स्थलगत अनुगमनमा देखिएको विद्यार्थी उपस्थितिलाई मुख्य आधार बनाईनेछ।

गौरीगङ्गा राजपत्र

(ख) विद्यालयमा स्वीकृत दरबन्दीमा कार्यरत स्थायी/अस्थायी, राहत, बालविकास शिक्षक, शिक्षण सिकाइ सहयोग अनुदान कोटा र नगरपालिकाको शिक्षक अनुदान कोटामा कार्यरत तहगत शिक्षकको सङ्ख्यालाई आधार लिईनेछ।

(ग) दरबन्दी मिलनको क्रममा बढी हुन आई कटौती गर्नुपर्ने दरबन्दीलाई नगरपालिकाको पुल दरबन्दीमा राखी शिक्षक विद्यार्थी अनुपातका आधारमा अन्य विद्यालयमा खटाउँदा सबैभन्दा बढी विद्यार्थी भएका र हाल शून्य वा न्यूनतम दरबन्दी भएका विद्यालयहरूमा प्राथमिकता क्रममा तह अनुसार शिक्षकको स्थानान्तरण गरिनेछ।

(घ) यसरीशिक्षक व्यवस्थापन गर्दा भरसक माथिल्लो शैक्षिक योग्यताभएका शिक्षकलाई माथिल्लो तहमा शिक्षक कमी भएका विद्यालयहरूमा क्रमशः स्थानान्तरण गरिनेछ।

(ङ) सम्बन्धित तहको दरबन्दी उपलब्ध नरहेको र तत्काल उपलब्ध गराउन पनि नसकिने अवस्थामा तल्लो तहको माथिल्लो शैक्षिक योग्यता भएका शिक्षकहरूबाट कक्षा सञ्चालनको व्यवस्था मिलाई तत्कालको शिक्षक अभाव सम्बोधन गरिनेछ।

(च) शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन गर्दा सकेसम्म विषयगत समस्या कम हुने गरी मिलान गरिनेछ।

(छ) तोकिएको शिक्षक विद्यार्थी अनुपातका आधारमा विद्यार्थी सङ्ख्या कम र शिक्षक सङ्ख्या बढी भै दरबन्दी कटौतीमा परेका र यस अघि रिक्त भएका एवम् तत्काल रिक्त हुन आउने कुनै पनि तह र प्रकारको शिक्षक दरबन्दीमा पदपूर्ति एवम् सरुवा सहमति दिइने छैन र उक्त दरबन्दीलाई नगरपालिकाको पुल दरबन्दीमा राखी दरबन्दी मिलान पश्चात थप गर्नु पर्ने विद्यालयमा मिलान तथा स्थानान्तरण गरिनेछ।

(ज) सामुदायिक विद्यालयहरूमा दरबन्दी मिलान तथा व्यवस्थापन कार्य सम्पन्न भए पश्चात मात्र रिक्त दरबन्दीहरूमा नगर शिक्षा समितिको निर्णयानुसार शिक्षक सरुवा तथा पदपूर्तिको व्यवस्था गरिनेछ ।

(झ) महिलातथा अपाङ्गता भएका शिक्षकहरूलाई सकभर घर पायक पर्नेगरी स्थानान्तरण गरिनेछ।

(ञ) दरबन्दी मिलान गर्दा माथिल्लो तहको लागि न्यूनतम दरबन्दी आधारभूत तह (कक्षा ६-८) संचालन भएको विद्यालयमा ४ जना विषयगत शिक्षकहरु नरहेको खण्डमा प्राथमिक तहमा २ वटा सम्म दरबन्दी बढी भएकोमा यथावत रहनेछ ।

(ट) दरबन्दी मिलान गर्दा विद्यालयमा आधारभूत तह (कक्षा ६-८) र माध्यामिक तह (कक्षा ९-१०) सञ्चालन भएकोमा क्रमशः न्युनतम ४ र ५ जना विषयगत शिक्षकहरु नरहेकोमा हाल

गौरीगङ्गा राजपत्र

मा.वि. र आधारभूत (कक्षा ६-८) मा दरबन्दी थप गर्ने अवस्था नरहेकाले प्रा.वि. र आधारभूत तह गरी ३ ओटा सम्म दरबन्दी बढी भएको खण्डमा यथावत रहनेछ ।

(ठ) दरबन्दी मिलन गर्दा विद्यालयमा आधारभूत तह (कक्षा ६-८) र माध्यामिक तह (कक्षा ९-१०) संचालन भएको खण्डमा ५० विधार्थी १ शिक्षकको अनुपातको हिसाबले दरबन्दी कायम गर्दा आधारभूत तहमा कटौती गर्नु पर्ने र माध्यामिक तहमा थप गर्नु पर्ने वा माध्यामिक तहको कटौती गर्नु पर्ने र आधारभूत तहमा थप गर्नु पर्ने समान संख्या भएको खण्डमा दुवै तहको दरबन्दी गणना गरी यथावत राख्ने संख्या बढी भएको अवस्थामा बढी भएको दरबन्दी नियमानुसार कटौती गरिनेछ ।

(ड) आधारभूत तह (कक्षा ६-८) रमाध्यमिक तह (कक्षा ९-१०) सञ्चालन भएको विद्यालयमा न्यूनतम दरबन्दी नभएको अवस्थामा दरबन्दी थप गर्नुपर्ने भएमा प्राथमिक तहको पुल दरबन्दीबाट तत्कालका लागि माथिल्लो योग्यता भएका र तालिमप्राप्त शिक्षकको स्थानान्तरण गर्न सकिनेछ ।

(ढ) शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन विद्यालयमा जनशक्तिको सङ्ख्यात्मक र विषयगत मिलान समेत भएकाले सामान्यतया शिक्षा ऐन२०२८ तथा शिक्षा नियमावली २०५९को अनुसूचीमा उल्लेखित तहगत र विषयगत दरबन्दी मिलानमा प्रभावपर्ने गरी विषय परिवर्तन गरिने छैन।

(ण) कुनै विद्यालयमा शिक्षा ऐन२०२८ तथा शिक्षा नियमावली २०५९ को अनुसूचीमा उल्लेखित तहगत र विषयगत दरबन्दीमा एउटै विषयको शिक्षक दरबन्दी एक भन्दा बढी भएमा अनिवार्य विषयहरूको प्राथमिकता क्रममा विषयगत मिलान हुने गरी दरबन्दी सिर्जना, मिलान र पदपूर्ति गरिनेछ।

(त) कुनै विद्यालयको दरबन्दी कट्टागरी स्थानान्तरण गर्नु पर्ने भएमा क्रमशः हाल रिक्त रहेको दरबन्दी, करार, राहत, अस्थायी र स्थायीको स्थानान्तरण माग र कनिष्ठताका आधारमा गरिनेछ ।

(थ) कुनै विद्यालयमा अध्ययनरत विद्यार्थी सङ्ख्या उच्च, विद्यमान शिक्षक दरबन्दी न्यूनरमा थिल्लो तह सञ्चालित भएमा शिक्षक दरबन्दी थप गरिनेछ ।

(द) दरबन्दी मिलान गर्दा बढी हुन आउने शिक्षक दरबन्दीलाई नगरपालिकाको पुल दरबन्दीमा राखी विद्यार्थी सङ्ख्या उच्च रशिक्षक दरबन्दीन्यून भएका विद्यालयहरूमा काजमा खटाइनेछ ।

(ध) आन्तरिक सरुवाका लागि प्राप्त निबेदनहरू मध्ये माग तथा हाल बसोबास रहेको स्थानका आधारमा शिक्षकहरूलाई जेष्ठताका आधारमा काजमा खटाइने वा स्थानान्तरण तथा पदस्थापन गरिनेछ । तरयस प्रक्रियामा अपाङ्गता भएका र महिलाहरूलाई प्राथमिकता दिइनेछ ।

(न) पारस्परिक सरुवाको लागि विद्यालय व्यवस्थापन समितिको सहमतिमा काज सरुवा गर्न सकिने छ ।

(ऩ) यस नगरपालिका भित्रका विद्यालयहरुमा कम्तिमा पाँच (५) वर्ष वा सो भन्दा बढी एउटै विद्यालयमा कार्यरत अस्थायी, करार, राहत, बालविकास तथा स्थायी शिक्षकहरूलाई शैक्षिक सुधार तथा गुणस्तर अभिवृद्धिका लागि आवश्यकताका आधारमा नगर शिक्षा समितिको निर्णय अनुसार काज सरुवा र स्थानान्तरण गर्न सकिनेछ ।

तर दरबन्दी मिलान गर्दा वा विशेष कारणवश कुनै शिक्षकलाई कुनै विद्यालयबाट सरुवा नगरी नहुने भएमा त्यस्तो शिक्षकको एउटै विद्यालयमा पाँच वर्ष सेवा अवधि पूरा नभएको भएपनि कारण खुलाई यस बुँदा बमोजिम सरुवा गर्न बाधा पर्ने छैन।

(प) यस कार्यविधिको बुंदा ५(न) मा जुनसुकै कुरा लेखिएको भए पनि नगरपालिकाको शिक्षक अनुदान कोटामा नियुक्त भई कम्तिमा एक (१) वर्ष वा सोभन्दा बढी कुनै विद्यालयमा कार्यरत शिक्षकको काज सरुवा र स्थानान्तरण गर्न कुनै बाधा पर्ने छैन।

**६. शिक्षक दरबन्दी कायम, मिलान तथा स्थानान्तरणका मुख्य आधारहरू:**

**(क) कक्षा १-३ सञ्चालित सामुदायिक विद्यालयको सम्बन्धमा**

१. कक्षा १-३ मा न्यूनतम विद्याथी सङ्ख्या ३०(तीस) जना भए १ ओटा दरबन्दी कायम गर्ने ।

२. कक्षा १-३ मा विद्यार्थीसङ्ख्या ३१(एकतीस) देखि ६०(साठी) जनासम्म भएमा २ दरबन्दी कायम गर्ने ।

३. कक्षा १-३ मा विद्यार्थी सङ्ख्या६१ (एकसठ्ठी) जना वा सोभन्दा बढी भएमा र हाल ३ दरबन्दी भएकोमा यथावत ३ दरबन्दी कायम गर्ने तर दरबन्दी थप गर्नु पर्ने भएमा विद्यार्थी सङ्ख्या १०० (एक सय) जना नपुगेसम्म दरबन्दी थप नगर्ने ।

४. कक्षा १-३ मा विद्यार्थी सङ्ख्या १०० (एक सय) भन्दा बढी भए शिक्षक विद्यार्थी अनुपात १:५० कायम गर्ने ।

५. कक्षा १-३ मा विद्यार्थी सङ्ख्या ३० (तीस) भन्दा कम भएमा नजिकको विद्यालयमा समायोजन गर्ने ।

**(ख) कक्षा १-५ सञ्चालित सामुदायिक विद्यालयको सम्बन्धमा**

१. कक्षा १-५ मा विद्यार्थी सङ्ख्या न्यूनतम ५० (पचास) जनासम्म भएमा न्यूनतम २ दरबन्दी कायम गर्ने ।

२. कक्षा १-५ मा विद्यार्थी सङ्ख्या ५१(एकाउन्न) देखि १००(एक सय) सम्म भएमा ३ दरबन्दी कायम गर्ने ।

३. कक्षा १-५ मा विद्यार्थी सङ्ख्या १०१(एक सय एक) देखि १५० (एक सय पचास) सम्म भएकोमा हाल ४ दरबन्दी रहेको भए ४ दरबन्दी कायम गर्ने ।

४. कक्षा १-५ मा विद्यार्थी सङ्ख्या १५१(एक सय एकाउन्न) देखि २००(दुई सय) सम्म भएकोमाहाल ५ दरबन्दी रहेको भए ५ दरबन्दी कायम गर्ने ।

५. कक्षा १-५ मा विद्यार्थी सङ्ख्या २०१ (दुई सय एक) नपुगेसम्म दरबन्दी थप नगर्ने र सोभन्दा बढी भएमा ५०(पचास) विद्यार्थी बराबर १ शिक्षकको अनुपातमा दरबन्दी कायम गर्ने ।

६. कक्षा १-५ मा विद्यार्थी सङ्ख्या ५०(पचास) भन्दा कम भएमा क्रमशः माथिल्लो कक्षाहरू घटाई नजिकको विद्यालयमा समायोजन गर्ने ।

**(ग) कक्षा १-८ सञ्चालित सामुदायिक विद्यालयको सम्बन्धमा**

१. कक्षा ६-८ मा विद्यार्थी सङ्ख्या न्यूनतम ६०(साठी) देखि १००(एक सय) सम्म भएमा ३ दरबन्दी (अंग्रेजी, गणित/विज्ञान, नेपाली) कायम गर्ने ।

२. कक्षा ६-८ मा विद्यार्थी सङ्ख्या १०१(एक सय एक) देखि १५०(एक सय पचास) सम्म भएमा ४ दरबन्दी (अंग्रेजी, गणित/विज्ञान,नेपाली, सामाजिक अध्ययन) कायम गर्ने ।

३. कक्षा ६-८ मा विद्यार्थी सङ्ख्या १५०(एक सय पचास) भन्दाबढी भएमा५० जना विद्यार्थी बराबर १ शिक्षकको अनुपातमा दरबन्दी थप कायम गर्ने ।

४. कक्षा ६-८ मा विद्यार्थी सङ्ख्या ६०(साठी) भन्दाकम भएमा तह घटाई घटेको कक्षा नजिकको विद्यालयमा समायोजन गर्ने ।

**(घ) कक्षा १-१० सञ्चालित सामुदायिक विद्यालयको सम्बन्धमा ।**

गौरीगङ्गा राजपत्र

१. तह अनुसार न्यूनतम विद्यार्थी सङ्ख्या भएमा शिक्षा नियमावली २०५९ (संशोधन सहित) को अनुसूचीमा उल्लेखित न्यूनतम प्राथमिक तहमा ३,आधारभूत तह (कक्षा ६-८) मा ४ र माध्यामिक तहमा ५ (अंग्रेजी,गणित, विज्ञान, नेपाली, सामाजिकअध्ययन) दरबन्दी कायम गर्ने ।

२. तहगत रुपमा दरबन्दी थपघट गर्नुपर्दा माथि उल्लेखित आधार अनुसार गर्ने ।

३. माध्यामिक तह (९-१०) मा विद्यार्थी सङ्ख्या २०० (दुईसय) भन्दा बढी भएमा ५० (पचास) जना विद्यार्थी बराबर १ शिक्षकको अनुपातमा दरबन्दी कायम गर्ने ।

**(ङ) माध्यामिक तहको कक्षा ११-१२ सञ्चालित सामुदायिक विद्यालयको सम्बन्धमा ।**

१. माध्यमिक तह (११-१२) का लागि शिक्षक दरबन्दी मिलान तथा समायोजन प्राप्त हुने दरबन्दी र निर्देशिकाको आधारमा गर्ने ।

**(च) प्रारम्भिक बालविकास कक्षा र शिक्षक सम्बन्धमा**

१. हाल प्रारम्भिक बालविकास शिक्षक दरबन्दी नभएको तर बालविकास कक्षा सञ्चालन गरिरहेको विद्यालयलाई न्यूनतम १ कोटा प्रदान गर्ने ।

२. प्रारम्भिक बालविकास कक्षामा २०जना बालबालिका बराबर १ बालविकास शिक्षक दरबन्दी कायम गर्ने र ३० जनाभन्दा बढी बालबालिका भएको अवस्थामा विद्यालयमा हाल २ दरबन्दी रहेको भए २ दरबन्दी नै कायम गर्ने ।

३. कुनै विद्यालयले आफ्नै स्रोतमा नर्सरी, एल.के.जी., यू.के.जी. अँग्रेजी माध्यममा सञ्चालन गरेको छ भने थप कोटा प्रदान नगर्ने तर उक्त कक्षाका विद्यार्थी सङ्ख्या बालविकास कक्षामा गणना गर्ने ।

४. प्रारम्भिक बालविकास शिक्षकको दरबन्दी मिलान गर्दा बालविकास शिक्षकलाई सकेसम्म निजको घर नजिकको विद्यालयमा स्थानान्तरण गर्ने ।

**७. दरबन्दी मिलान कार्य गर्नको लागि निम्नानुसारको प्रकृया अवलम्बन गर्नु पर्छः**

(क) नगर शिक्षा समितिले सामाजिक विकास समितिका संयोजकको संयोजकत्वमा तपसिल बमोजिमको ५(पाँच) सदस्यीय एक कार्यदल गठन गर्नेछ।

१. सामाजिक विकास समितिका संयोजक- संयोजक

२. शिक्षाविद एक जना- सदस्य

३. वार्ड अध्यक्ष एक जना- सदस्य

४. शिक्षक महासंघ प्रतिनिधि- सदस्य

गौरीगंगा राजपत्र

५. शिक्षा अधिकृत – सदस्य-सचिव

(ख) कार्यदलले प्रत्येक विद्यालयमा अध्ययनरत विद्यार्थी र कार्यरत शिक्षक सङ्ख्या लगायतका सबै क्षेत्रको अध्ययन तथा छलफल गरी विद्यमान शिक्षक दरबन्दीको आधारमा सामुदायिक विद्यालयहरूमा दरबन्दी मिलान र व्यवस्थापनका लागि दरबन्दी कायम, कटौती र थप हुने विद्यालयहरूको विवरण सहित नगर शिक्षा समितिमा सिफारिस सहितको प्रतिवेदन पेश गर्नेछ।

(ग) कार्यदलको सिफारिस सहितको प्रतिवेदनको आधारमा नगर शिक्षा समितिबाट निर्णय भए बमोजिम शिक्षा, युवा तथा खेलकुद शाखाले दरबन्दी मिलानको प्रक्रिया अगाडि बढाउनेछ ।

(घ) शाखाले दरबन्दी मिलानका क्रममा दरबन्दी कटौती वा थप भएको विद्यालयलाई निर्णय भएकोसात दिनभित्र दरबन्दी कटौती वा थप भएको जानकारी गराउनेछ ।

(ङ) शाखाले विशेष परिस्थिति बाहेक निर्णय भएको मितिले १ (एक) महिनाभित्र दरबन्दी मिलानको कार्य सम्पन्न गरी सम्बन्धित निकायहरूलाई जानकारी गराउनेछ ।

(च) विद्यालयहरूले दरबन्दी मिलानको क्रममा शिक्षा, युवा तथा खेलकुद शाखाबाट स्थानान्तरण गरिएका शिक्षकलाई कुनै पनि बहानामा रमाना नदिएमा वा हाजिर नगराएमा सम्बन्धित विद्यालयको तलब भत्ता लगायत अन्य सेवासुविधा रोक्का गरिनेछ।

**८. थप शिक्षक दरबन्दीप्राप्त भएमा तपसिल अनुसार कार्यान्वयन गरिनेछः**

(क) शिक्षा, युवा तथा खेलकुद शाखाले शिक्षा समितिको निर्णयका आधारमा सम्बन्धित निकायसँग दरबन्दीको माग गर्नेछ ।

(ख) संघीय सरकार तथा प्रदेश सरकारबाट दरबन्दी प्राप्त भएमा जुन तह र विषय/किसिमको दरबन्दी प्राप्त भएको हो सोको लागि नगर शिक्षा समितिले विद्यमान शिक्षक दरबन्दी र विद्यार्थी सङ्ख्याका आधारमा प्राथमिकीकरण गरि विद्यालय छनौट गरी वितरण गर्नेछ ।

**९. नगरपलिकाबाट शिक्षक सहयोग अनुदान कोटा थप सम्बन्धमाः**

गौरीगंगा राजपत्र

(क) शिक्षा, युवा तथा खेलकुद शाखाले समितिको निर्णयअनुसार शिक्षक सङ्ख्याको कमीलाई सम्बोधन गर्न कार्यपालिका बैठकमा आवश्यक गौरीगङ्गा नगर शिक्षक दरबन्दी माग गर्नेछ ।

(ख) नगरपालिकाले गौरीगङ्गा नगर शिक्षकको दरबन्दी निर्धारण गरी आवश्यक बजेटको व्यवस्था गर्न सक्नेछ। स्वीकृत दरबन्दी र बजेटका आधारमा नगर शिक्षा समितिले विद्यालय छनौट गरी नियुक्ति गर्ने प्रक्रिया अगाडी बढाउनेछ ।

१०. **स्थानान्तरण भएको विद्यालयमा जानुपर्ने** :यस कार्यविधि बमोजिम स्थानान्तरण भएका शिक्षकहरू प्रचलित कानुनले तोकेको समयभित्र स्थानान्तरण भएको विद्यालयमा अनिवार्य हाजिर भइ कामकाज गर्नु पर्नेछ। यसरी तोकिएको समयमा हाजिर हुन नजाने शिक्षक र नपठाउने प्रध्यानाध्यापक लाई तलब भत्ता रोक्का लगायतका विभागीय कारबाही गर्न सकिनेछ ।

११. **हाजिर गराई कामकाजमा लगाउनु पर्ने** :दरबन्दी सहित वा यस कार्यविधि बमोजिम स्थानान्तरणभई आएका शिक्षकलाई विद्यालयले अनिवार्य रुपमा हाजिर गराई नियमानुसार कामकाजमा लगाउनु पर्ने छ।

१२. **प्रधानाध्यापक जिम्मेवार हुने** : यस कार्यविधि बमोजिम दरबन्दी पुनर्वितरण तथा शिक्षक व्यवस्थापनको क्रममा स्थानान्तरण भई आएका शिक्षकलाई विद्यालयमा हाजिर गराउने तथा स्थानान्तरण भई जानेशिक्षकलाई रमाना दिने जिम्मेवारी सम्वन्धित विद्यालयको प्रधानाध्यापक/ नि.प्रधानाध्यापकको हुनेछ।

१३. **बाधा अडकाउ फुकाउ** : यस कार्यविधिको आवश्यक व्याख्या, संशोधन तथा अनुसूची थपघट कार्यपालिकाले गर्नेछ।

१४. **प्रचलित कानुन अनुसार हुने**: यस कार्यविधिमा उल्लेख नभएको कुराप्रचलित कानुन अनुसार हुनेछ।

१५. **खारेजी बचाउ** : शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०७७ खारेज गरिएको छ र सो कार्यविधि बमोजिम भए गरेकाकाम कारबाही यस कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

आज्ञाले
हरिदत्त भट्ट
प्रमुख प्रशासकिय अधिकृत

गौरीगंगा राजपत्र